# लुङ्ग्री गाउँपालिका, रोल्पाको
# आर्थिक वर्ष २०८०/०८१ को
# **वार्षिक प्रगति प्रतिवेदन**

लुङ्ग्री गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

बडाचौर, रोल्पा

कार्यक्रममा उपस्थित गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, निवर्तमान गा.पा. अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी एवं सुरक्षाकर्मीज्यूहरु, सञ्चारकर्मीज्यूहरू, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिज्यूहरू, यस कार्यक्रमका संयोजकज्यू लगायत उपस्थित सम्पूर्ण नागरिक महानुभावहरू ।

आजको यस वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमको अवसरमा हजुरहरू सामु लुङ्ग्री गाउँपालिका, रोल्पाको आ.व. २०८०।०८१ को वार्षिक प्रगति विवरण प्रस्तुत गर्न पाउँदा निकै आभारी छु । वर्षायामको झरीमा आफ्नो कार्य व्यस्तताको बावजुद यस कार्यक्रममा उपस्थित हुनुभएकोमा यहाँहरु सबैलाई लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

सर्वप्रथम विश्वमा सार्वजनिक सुनुवाईको औपचारिक सुनुवाई संयुक्त राज्य अमेरिकाबाट सन् १९६० को दशकबाट सुरु भएको थियो भने नेपालमा २०५५ सालबाट सार्वजनिक सुनुवाईको सुरुवात भएको थियो । यसको लक्ष्य भनेको कुनै संस्थाको आफ्ना सरोकारवालाहरू प्रतिको पारदर्शिता र उत्तरदायीता प्रवर्द्धन गर्नु हो । स्थानीय सहजकर्ताको सहयोगले यो सञ्चालन गरिन्छ । यसका मुख्य दुई चरणहरु हुन्छन् । पहिलो चरण अन्तर्गत सेवा प्रदायकद्वारा कुनै निश्चित समयावधि भित्र गरेको क्रियाकलापहरूको प्रगति विवरण सार्वजनिक गरिन्छ र दोस्रो चरण अन्तर्गत सेवाग्राही र सेवाप्रदायक बीच एक आपसमा प्रश्न उत्तर शैलीमा दोहोरा संवाद एवं छलफलको अवसर प्रदान गरिन्छ ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा संचालन ऐन), २०६४ र लुङ्ग्री गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०८० बमोजिम संचालित यस सार्वजनिक सुनुवाई कार्यक्रम केवल औपचारिकता लागि मात्र नभई प्रकृति र संस्कृतिले सुसज्जित लुङ्ग्री वासीलाई सार्वजनिक सुनुवाइको माध्यमबाट स्थानीय सरकार र नागरिक बीचको सामिप्यता बढाउन र सार्वजनिक पदाधिकारीहरूलाई नागरिक प्रति पारदर्शी, जिम्मेवार एवं जबाफदेही बनाउनका लागि सञ्चालन गरिएको हो । लुङ्ग्री गाउँपालिकाले गत आ. ब. २०८०/०८१ मा गरेको काम र प्राप्त भएका मुख्य उपलब्धिहरू संक्षिप्त रूपमा यहाँहरु समक्ष राख्ने अनुमति चाहन्छु।

## वार्षिक प्रगति विवरण

### १. आर्थिक प्रशासन शाखा

| क्र. सं. | स्रोत | संशोधित अनुमानित आय | वास्तविक आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान | ८,६६,००,००० | ८,०५,३८,००० | ९३ |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु | १६,५४,६४,००० | १६,५४,६४,००० | १०० |
| ३ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ७३,८६,००० | ७३,८६,००० | १०० |
| ४ | नेपाल सरकार - विषेश अनुदान चालु | १,५०,००,००० | १,५०,००,००० | १०० |

| क्र.सं. | स्रोत | संशोधित अनुमानित आय | वास्तविक आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| ५ | नेपाल सरकार - समपुरक अनुदान पुंजीगत | ५०,००,००० | ५०,००,००० | १०० |
| ६ | लुम्बिनी प्रदेश - समानिकरण अनुदान | ५९,२९,००० | ४४,४६,७५० | ७५ |
| ७ | लुम्बिनी प्रदेश - शसर्त अनुदान चालु | ६,५०,००० | ६,५०,००० | १०० |
| ८ | लुम्बिनी प्रदेश - शसर्त अनुदान पुंजीगत | ७१,००,००० | ७१,००,००० | १०० |
| ९ | लुम्बिनी प्रदेश - विषेश अनुदान पुंजीगत | २०,००,००० | २०,००,००० | १०० |
| १० | लुम्बिनी प्रदेश - समपुरक अनुदान पुंजीगत | १,००,००,००० | १,००,००,००० | १०० |
| ११ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ५१,०७,५९९ | ५१,३८,८३० | १०१ |
| १२ | राजस्व बाँडफाँड - संघीय सरकार | ९,४१,७०,००० | ७,९८,७४,०३२ | ८४.८२ |
| १४ | आन्तरिक श्रोत - आन्तरिक श्रोत - नगद | ५०,००,००० | ६६,२१,९०७ | १३२.४ |
| १५ | आन्तरिक श्रोत - बैंक मौज्दात - नगद | २,३०,००,००० | २,३०,००,००० | १०० |
| जम्मा | | ४३,२४,०६,५९९.०० | ४१,२२,१९,५२०.५० | ९५.३२ |

शीर्षकगत आन्तरिक आम्दानीको विवरण

| क्र.सं. | आम्दानी शीर्षक | कुल आम्दानी |
|---|---|---|
| १ | सम्पती कर | ३,२९,१३४ |
| २ | भुमिकर/मालपोत | २०,८०,५३२ |
| ३ | वहाल कर | १,४७,८४४ |
| ४ | वहाल विटौरी कर | ८,००० |
| ५ | सवारी साधन कर (साना सवारी) | ४०० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | १,६०० |
| ७ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ६९,६५० |
| ८ | अन्य कर | २,९६,३२७ |
| ९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | १७,७०० |
| १० | अन्य बिक्रीबाट प्राप्त रकम | ५,०८२ |
| ११ | अन्य सेवा शुल्क तथा बिक्री | २१,००० |
| १२ | न्यायिक दस्तुर | ३५,४०० |
| १३ | शिक्षा क्षेत्रको आम्दानी | २,७०० |
| १४ | परीक्षा शुल्क | ३५,७०० |

## शीर्षकगत आन्तरिक आम्दानीको विवरण

| क्र.सं. | आम्दानी शीर्षक | कुल आम्दानी |
|---|---|---|
| १५ | अन्य प्रशासनिक सेवा शुल्क | ९३,००० |
| १६ | नक्सापास दस्तुर | २४,१८८ |
| १७ | सिफारिस दस्तुर | ७,६८,५७० |
| १८ | व्यक्तिगत घटना दर्ता दस्तुर | ८,६२,६०० |
| १९ | नाता प्रमाणित दस्तुर | ४,५३,१०० |
| २० | अन्य दस्तुर | ८६,००० |
| २१ | व्यावसाय रजिस्ट्रेसन दस्तुर | १,२४,००० |
| २२ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ३०० |
| २३ | न्यायिक दण्ड, जरिवाना र जफत | २,०००.०० |
| २४ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २,१४,५४४ |
| २५ | अन्य राजस्व | ६,६४,०८९ |
| २६ | व्यवसाय कर | १४,१०० |
| २७ | बेरुजू | २,८२,०४७ |
| जम्मा | | **६६,३९,६०७** |

## वडागत आन्तरिक राजस्व आम्दानीको विवरण

| क्र.स. | राजस्व संकलन गर्ने कार्यालय | कुल आम्दानी |
|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालय | २१,८३,६४२ |
| २ | वडा नं १ कार्यालय, पाङ | ६,७६,१०० |
| ३ | वडा नं २ कार्यालय, सिर्प | ७,०३,५१० |
| ४ | वडा नं ३ कार्यालय, जुतुङखोला | ५,३५,९०२ |
| ५ | वडा नं ४ कार्यालय, नम्जा | ८,१६,७९१ |
| ६ | वडा नं ५ कार्यालय, बडाचौर | ६,९३,५१४ |
| ७ | वडा नं ६ कार्यालय, गुम्चाल | ६,९५,०७३ |
| ८ | वडा नं ७ कार्यालय, हार्जङ | ३,३५,०७५ |
| जम्मा | | ६६,३९,६०७ |

## चालू र पूँजीगत खर्चको विवरण

| क्र.स. | बजेट शीर्षक | विनियोजित बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|

## चालू र पूँजीगत खर्चको विवरण

| क्र.स. | बजेट शीर्षक | विनियोजित बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालू बजेट | २८,५८,९६,५९९ | २४,५५,७६,८५७ | ८५.९ |
| २ | पूँजीगत बजेट | १४,६५,१०,००० | १३,१८,७६,२२६ | ९०.०१ |
| जम्मा | | ४३,२४,०६,५९९ | ३७,७४,५३,०८३ | ८७.२९ |

## क्षेत्रगत बजेट तथा खर्चको विवरण

| क्र.स. | क्षेत्र शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,०६,०२,००० | १,६७,७८,४५३ | ८१.४४ |
| २ | सामाजिक विकास | २६,६०,८६,५९९ | २३,४९,३४,६८६ | ८८.२९ |
| ३ | पूर्वाधार विकास | ५,९१,३८,००० | ५,४८,०३,७७६ | ९२.६७ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ११,१०,००० | ११,००,४३८ | ९९.१४ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ८,५४,७०,००० | ६,९८,३५,७३० | ८१.७ |
| जम्मा | | ४३,२४,०६,५९९ | ३७,७४,५३,०८३ | ८७.२९ |

## शाखा तथा वडागत बजेट तथा खर्चको विवरण

| क्र.स. | विषयगत शाखा/वडा कार्यालय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य शाखा | ५,७१,२५,००० | ४,५५,४२,५४६ | ७९.७२ |
| २ | शिक्षा, युवा तथा खेलकुद शाखा | १७,०६,५२,००० | १५,४९,०६,००२ | ९०.७७ |
| ३ | कृषि शाखा | ५७,८८,००० | ४२,७६,२८५ | ७३.८८ |
| ४ | पशु शाखा | १८,१४,००० | १५,३७,६३३ | ८४.७६ |
| ५ | रोजगार सेवा केन्द्र | ८१,६४,००० | ७८,१३,६६६ | ९५.७ |
| ६ | पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा | ९,००,००० | ८,९०,४३८ | ९८.९३ |
| ७ | लघु उद्यम शाखा | १३,००,००० | १२,८१,२८४ | ९८.५६ |
| ८ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ९,००,००० | ६,५३,१५० | ७२.७५ |
| ९ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | १०,००,००० | ८,८४,१७४ | ८८.४१ |
| १० | वडा नं १ कार्यालय, पाङ | ३९,००,००० | २५,१३,००० | ६४.४३ |
| ११ | वडा नं २ कार्यालय, सिर्प | ४१,००,००० | ३९,३९,५३२ | ९६.०८ |
| १२ | वडा नं ३ कार्यालय, जुतुङखोला | ४२,००,००० | ४०,४९,६२१ | ९६.४१ |

शाखा तथा वडागत बजेट तथा खर्चको विवरण

| क्र.स. | विषयगत शाखा/वडा कार्यालय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १३ | वडा नं ४ कार्यालय, नम्जा | ३९,००,००० | ३७,१२,८६९ | ९५.२ |
| १४ | वडा नं ५ कार्यालय, बडाचौर | ३९,००,००० | ३७,२६,४८२ | ९५.५५ |
| १५ | वडा नं ६ कार्यालय, गुम्चाल | ४१,००,००० | ३२,२४,६२८ | ७८.६४ |
| १६ | वडा नं ७ कार्यालय, हार्जङ | ४१,००,००० | ३७,७८,५६३ | ९२.१६ |
| १७ | अन्य पालिकास्तरिय योजना तथा कार्यक्रम | १५,६५,६३,५९९ | १३,४७,२३,२१० | ८६.०५ |

**अन्य कार्यालय संचालन कोषहरूको आय व्ययको विवरण**

| क्र.स. | कार्यालय संचालन कोषको नाम | जम्मा आम्दानी | खर्च | बचत रकम |
|---|---|---|---|---|
| १ | एम्बुलेन्स संचालन कोष | ८,२७,८४८ | ८,७२,००९ | -४४,१६१ |
| २ | प्रकोप व्यवस्थापन कोष | ६,४२,६२१ | ६,२९,४२८ | १३,१९३ |

**धरौटी खाताको आर्थिक विवरण**

| | | |
|---|---|---|
| १ | आ.व. २०७९/८० मा वर्षको अ.ल्या. गरिएको रकम | ३६,८२,२६८ |
| २ | आ.व.२०८०/८१ मा धरौटी आम्दानी | २२,११,२४७ |
| ३ | आ.व.२०८०/८१ मा धरौटी फिर्ता | ९,८७,६६९ |
| ४ | आ.व.२०८०/८१ मा धरौटी सदरस्याहा | १,६६,९४० |
| ५ | आ.व.२०८०/८१ मा धरौटी बचत रकम | ४७,३८,९०६ |

**आ.व. २०८०/८१ मा आर्थिक प्रशासन शाखाबाट भएका महत्वपूर्ण उपलब्धिहरू**

१. गाउँ पालिका अन्तर्गतका सबै शाखा तथा वडाहरूमा राजस्व संकलन, दाखिला तथा प्रतिवेदनको लागि विद्युतीय राजस्व व्यवस्थापन प्रणाली (SUTRA Revenue) प्रयोगमा ल्याइएको छ।

२. आ.व. २०८०/८१ मा अघिल्लो आ.व. २०७९/८० को तुलनामा आन्तरिक राजस्व ५२ प्रतिशतले वृद्धि भएको छ।

३. पूँजीगत खर्च ९० प्रतिशत भन्दा धेरै भएको छ।

४. गाउँपालिकाबाट भएको विनियोजन बमोजिम खर्चको मासिक, त्रैमासिक र वार्षिक आर्थिक विवरण नियमित रूपमा गाउँपालिकाको आधिकारिक website बाट सार्वजनिक गरिदैं आएको छ।

५. आ.व. २०८०/८१ बाट कर समेत विद्युतीय भुक्तानी प्रणाली (EFT) बाटै दाखिला गर्न सुरु भएकोले विषेश अवस्था बाहेक सामान्य अवस्थामा सम्पूर्ण आर्थिक कारोबार अनलाइन प्रणालीबाट हुँदै आएको छ।

## २. योजना तथा अनुगमन शाखा

- आ.व.२०८०/०८१ मा गाउँपालिकास्तरीय ५१ वटा आयोजना, वडा स्तरीय ६६ वटा आयोजना, संघीय सरकारबाट हस्तान्तरित १५ वटा आयोजना र प्रदेश सरकारबाट हस्तान्तरित १२ वटा आयोजना गरी जम्मा १४४ वटा आयोजनाहरू कार्यान्वयन भई निर्माण कार्य सम्पन्न भएको।
- **आयोजना कार्यान्वयन पद्धति-** उपभोक्ता समिति मार्फत ९७ वटा आयोजना, निर्माण व्यवसायी मार्फत १५ वटा आयोजना, विद्यालय व्यवस्थापन समिति मार्फत ६ वटा आयोजना र अमानत मार्फत २६ वटा आयोजनाको कार्यान्वयन भएको।
- **बजेटका आधारमा आयोजनाको वर्गीकरण-** ५० लाख भन्दा बढी बजेटको आयोजनाको संख्या ३ वटा, ५ लाख देखि ५० लाखसम्मको आयोजना ४१ वटा र ५ लाख भन्दा कम बजेटको आयोजनाको संख्या १०० वटा रहेको।
- पालिकास्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिले ५ लाख भन्दा माथिका ४४ वटा आयोजनाको स्थलगत अनुगमन गरी प्राविधिक मूल्याङ्कन बमोजिम भुक्तानीको लागि सिफारिस गरेको।

## ३. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

- लुङ्ग्री गाउँपालिकाको बहुवर्षिय प्रशासकीय भवन निर्माणको कार्य मिति २०७९/११/१३ गते सम्झौता भई स्मृति विशाल/नारायण जे.भी.द्वारा प्रशासकीय भवन संरचनाको हालसम्म ९५ प्रतिशत भौतिक प्रगति भइसकेको र हाल फिनिसीङ सम्बन्धी कार्य भइरहेको छ।
- सिर्प स्वास्थ्य चौकी भवन निर्माणको लागि सुवर्णावति कन्स्ट्रक्सन, रोल्पा द्वारा निर्माण कार्य सुचारु भई प्लास्तर कार्य भइरहेको छ।
- आ.ब.२०८०।०८१मा यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका प्रदेश समपुरक आयोजनाहरू सम्पन्न भएको र सो को भौतिक प्रगति देहाय बमोजिम रहेको छ।

**तपसिल**

| क्र.स. | आयोजनाको नाम | बजेट | भौतिक प्रगति | कै |
|---|---|---|---|---|
| १. | युवा वर्ष आ वि भवन निर्माण लुङ्ग्री १ | ५०,००,००० | १०० | |
| २. | बालविकास प्रा वि भवन निर्माण घोराढुङ्गा लुङ्ग्री २ | ५०,००,००० | १०० | |
| ३. | बराह क्षेत्र मा वि भवन निर्माण लुङ्ग्री ५ | ५०,००,००० | १०० | |
| ४. | बोज्याङखोला नम्जा लिफ्ट खानेपानी योजना वडा नं.४ | ५०,००,००० | ९५ | |

- वर्षातको कारणले बिग्रिएका मोटरबाटो मर्मत तथा सुधार गर्ने कार्य Quotation मार्फत सम्पन्न भइसकेको र नयाँ ट्र्याक खोल्ने कार्य अन्तर्गत ऐपे मनेकोट मोटरबाटो र नम्जा सुनिलस्मृति जोडने मोटरबाटो टेन्डर प्रक्रिया अन्तर्गत कार्य सम्पन्न भइसकेको।
- संघीय सरकारको विशेष अनुदान अन्तर्गत स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार र क्षमता विकासका लागि आधारभूत स्वास्थ्य प्रणाली सुदृढीकरण परियोजना अन्तर्गत संचालन हुने भौतिक निर्माणका कार्यका

लागि ४ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र भवन निर्माण गर्ने कार्य अन्तर्गत ४ वटै सामुदायिक स्वास्थ्य इकाई केन्द्र उपभोक्ता समिति मार्फत कार्य सम्पन्न भएको छ।

- वडा नं. ७ स्थित जाजाखोला खानेपानी योजना हार्जङ निर्माण कार्यको भौतिक प्रगति १०० प्रतिशत सम्पन्न भई बिल बापतको रकम समेत भुक्तानी भइसकेको छ।
- पालिका तथा वडाबाट सञ्चालित सम्पूर्ण योजना मध्ये २ वटा आयोजना बाहेक अन्य आयोजनाहरूको १०० प्रतिशत सम्पन्न भई बिल बापतको रकम समेत भुक्तानी भइसकेको छ।
- खानेपानी पाइप वितरण मापदण्ड बमोजिम ५० mm को १४०० मिटर HDP, १२.५ PN पाइप खरिद भएकोमा २ वटा कृषक समूहलाई १२०० मिटर वितरण गरिएको र २०० मिटर पाइप बाँकी रहेको ।
- गाउँपालिकामा वडा नं. १ मा एउटा , वडा नं. ४ मा एउटा र वडा नं. ५ मा २ वटा गरी जम्मा ४ वटा मुहान दर्ता गरिएको ।
- पुरानो तथा नयाँ खानेपानी योजना १०४ वटाको तथ्याङ्क संकलन गरी खानेपानी डिभिजन कार्यालय, प्यूठान पठाइएको ।
- वडा नं. ६ र ४ मा ड्रिल खानेपानी योजनाको सम्भाव्यता अध्ययन गरिएको ।
- खानेपानी उपभोक्ता समितिको नमुना विधान तयार गरिएको र खानेपानी मुहान दर्ता कार्यविधि तर्जुमा गरिएको ।

## ४. शिक्षा, युवा तथा खेलकुद शाखा

- सबैका लागि शिक्षा (आधारभूत शिक्षा), माध्यामिक शिक्षा र विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ससर्त कार्यक्रम अन्तर्गत विनियोजित रु. ८,६२,००,०००।०० मध्ये ९३.९७ प्रतिशत खर्च भएको छ। साथै पालिकाको आन्तरिक स्रोतबाट विनियोजित रु. २,०५,००,०००।०० मध्ये ९३.१७ प्रतिशत प्रगति भएको देखिन्छ।
- स्थायी, करार, राहत शिक्षक (१०२), विद्यालय सहायक कर्मचारी (९), विद्यालय कर्मचारी (३२) र बालविकास सहजकर्ताहरु (२६) जना साथै गाउँपालिका शिक्षण सिकाइ अनुदान (६२) शिक्षकहरूको त्रैमासिक रूपमा समयमै तलव भत्ता विद्यालयको खातामा निकासा गर्ने गराउने कार्य भएको।
- नियमित प्र.अ. तथा गाउँ शिक्षा समितिको बैठक संचालन गर्ने कार्य भएको।
- ७५ जना स्थायी शिक्षकहरूको शै.स. २०८० को तलवी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गराउने गर्ने कार्य भएको।
- आधारभूत तह कक्षा १-८ को लागि "लुङग्रीको पहिचान " नामक स्थानीय विषयको पाठ्यक्रम निर्माण छपाई र वितरण गरी शैक्षिक सत्र २०८१ देखि कक्षा १ देखि ८ सम्म लागु गरिएको। साथै स्थानीय

विषय अध्यापन गराउने शिक्षकहरूको लागि ५ दिने पाठ्यक्रम सहजिकरण सम्बन्धी आधारभूत तालिम संचालन गरिएको।

- विद्यालयहरूको नियमित अनुगमन एवं सुपरिवेक्षण सम्बन्धी कार्य हुने गरेको।
- गैरसरकारी संस्था हुरेक, नेपालसँगको साझेदारीमा आर्थिक, सामाजिक र पारिवारिक रूपमा कमजोर र पछि परेका जेहनदार विद्यार्थीहरूका लागि संवाद छात्रवृत्ति कार्यक्रम वितरण सम्बन्धी कार्य सम्पन्न भएको। जस अन्तर्गत प्राविधिक धार तर्फ ३ जना र साधारण धार तर्फ ३५ जना गरी ३८ जना विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिएको।
- लुङ्ग्री गाउँपालिका स्तरीय १९ सदस्यीय गाउँ युवा परिषद् गठन गर्ने कार्य भएको।
- गाउँपालिका स्तरीय आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा-२०८० संचालन व्यवस्थापन सम्बन्धी कार्य गरेको (जम्मा सहभागी विद्यालय १६ , विद्यार्थी संख्या ६९१ (छात्र ३१७, छात्रा ३७४) केन्द्र ५ वटा उत्तीर्ण संख्या ७५ जना, उत्तीर्ण प्रतिशत १०.९ रहेको छ ) साथै माध्यामिक शिक्षा परीक्षा कक्षा १० को सहभागी विद्यार्थी संख्या ३७२ जना, उत्तीर्ण संख्या ५१, उत्तीर्ण प्रतिशत १३.७ रहेको छ।
- समयावधि समाप्त भएको वि.व्य.स. र शि.अ.स. को गठन सम्बन्धी कार्यमा सहजिकरण गर्ने कार्य गरेको
- ५ वटा आधारभूत विद्यालय, २ वटा प्रा. वि. र ४ वटा बालविकास केन्द्रहरूको विद्यालय भौतिक सर्वेक्षण तथा नक्साकन सम्बन्धित कार्य सम्पन्न भएको।
- तेस्रो गाउँपालिका अन्तर माध्यामिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता-२०८० को संचालन तथा व्यवस्थापन सम्बन्धी कार्य गरेको।
- दलित विद्यार्थी छात्रवृत्ति व्यवस्थापन तथा वितरण कार्यविधि-२०८० बमोजिम आधारभूत तह कक्षा १-८ मा १०० जना (प्रति विद्यार्थी रु २,०००/ र माध्यामिक तह कक्षा ९-१२ का लागि ५० जना प्रति विद्यार्थी रु ६,०००/ को दरले छात्रवृत्ति वितरण सम्बन्धी कार्य सम्पन्न गरेको।
- शिक्षक सेवा आयोगबाट सिफारिस भएका ८ जना (प्रा.वि.) २ जना नि.मा.वि. गरी १० जना शिक्षकहरूलाई पदस्थापना गरेको।
- शैक्षिक पात्रो छपाई गरी विद्यालयमा वितरण गरेको साथै स्थायी शिक्षकहरूको का.स.मू. संकलन गरी शिक्षा विकास तथा समन्वय इकाईमा पेश गरेको।
- शैक्षिक वर्ष २०८१ को IEMIS (एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली) Update, Upload गर्न विद्यालयलाई सहजिकरण गर्नुका साथै आधारभूत तथा माध्यामिक तहमा कार्यरत IT स्रोत शिक्षकहरूको लागि ICT र IEMIS सम्बन्धी ४ दिने क्षमता विकास तालिम संचालन गरिएको।
- एकीकृत पाठ्यक्रम सम्बन्धी कक्षा १-३ सम्म अध्यापनरत शिक्षकहरूका लागि ३ दिने कस्टमाईज तालिम संचालन गरिएको।

- विद्यालयमा दिनु पर्ने अनुदान (छात्रवृत्ति, बुक कर्नर, सामाजिक परीक्षण लगायत व्यवस्थापन अनुदान, SIP निर्माण लगायत, दिवा खाजा, शैक्षिक गुणस्तर लगायत नियमित कार्यान्वयन पुस्तिका बमोजिम निकासा गरिएको।
- शैक्षिक क्षेत्रमा नतिजा उत्कृष्ट ल्याउने (आधारभूत तह कक्षा ८ र कक्षा १०) र उत्कृष्ट कार्यसम्पादनका गरेका विद्यालय, र विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको। जस अन्तर्गत ७ जना विद्यार्थी र ५ वटा विद्यालयलाई सम्मान तथा पुरस्कृत गरिएको थियो।

## ५. स्वास्थ्य शाखा

- नयाँ सामुदायिक स्वास्थ्य इकाई स्थापना — एउटा, तल्लो गुम्चाल । ४ वटा सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण भएको ।
- गाउँपालिकामा कुल स्वास्थ्य संस्थाहरु मध्ये स्वास्थ्य चौकी — ५ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्र — २ वटा, सामुदायिक स्वास्थ्य इकाई — १३ वटा गरी जम्मा स्वास्थ्य संस्थाहरूको संख्या — २० वटा रहेको ।
- स्वास्थ्यकर्मीहरु मध्ये स्थायी — ७ जना र करार — ३५ जना गरी जम्मा संख्या — ४२ जना रहेको ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको जम्मा संख्या — ४५ जना
- स्वास्थ्य संस्था तथा पालिका स्तरीय वार्षिक समीक्षा सम्पन्न।
- पालिमास्तिर क्षयरोग तथा पोषण कार्यक्रमको वार्षिक समीक्षा सम्पन्न।
- पाङ स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवा सुचारु गरिएको।
- स्वास्थ्य संस्थामा हुने सुत्केरीहरूलाई न्यानो झोला वितरण गरिएको।
- कार्तिक महिनामा ६ महिना देखि ५ वर्षमुनिका बालबालिकालाई Vitamin A साथै १ वर्ष देखि ५ वर्ष सम्मका बालबालिकालाई जुकाको औषधी खुवाएको।
- माध्यामिक विद्यालय र आधारभूत विद्यालयका किशोरीहरूलाई Iron चक्की खुवाएको।
- सबै विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई जुकाको औषधी खुवाएको।
- स्वास्थ्य संस्थाहरूमा गर्भ जाँच गराइ सुत्केरी हुने महिलाहरूलाई यातायात र गर्भवती उत्प्रेरणा खर्च वितरण गरिएको।
- पालिका अन्तर्गत रहेका बर्थिङ सेन्टरहरूमा दक्ष प्रसुतीकर्मी (SBA) द्वारा सुत्केरी गराउनेको संध्यामा वृद्धि भएको।
- बडाचौर स्वास्थ्य चौकी, गुम्चाल स्वा.चौ, सिर्प स्वा.चौ. र पाङ स्वास्थ्य चौकीहरूबाट सुरक्षित गर्भपतन सेवा उपलब्ध गराइरहेको।
- पालिका भित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरूबाट २६,८७५ जनाले OPD सेवा लिएका।

- पालिका भित्र रहेका विभिन्न खोप क्लिनिकबाट २,९६२ जना बालबालिकाहरूले खोप सेवा लिएका।
- पालिका भित्र रहेका गाउँघर क्लिनिकबाट २,४५६ जनाले सेवा लिएका।
- महिला स्वास्थ्य स्वयम् सेविकाबाट ६,९८४ जनालाई सेवा दिइएको।
- शीघ्र कुपोषित बालबच्चाहरूको बडाचौर स्वास्थ्य चौकीमा रहेको OTC बाट सेवा प्रदान गरिएको।
- E-bidding द्वारा औषधी खरिद भई सम्बन्धित स्वास्थ्य संस्थाहरूमा वितरण गरिएको।
- जिल्ला स्तरीय अर्ध वार्षिक समीक्षा सम्पन्न।
- संघीय सरकारबाट प्राप्त अनुदान तर्फका कार्यक्रमहरू सम्पन्न भएको।
- विशेष अनुदान तर्फको बजेटबाट सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण तथा बर्थिङ सेन्टरहरूमा प्लासिन्टा पिट निर्माण, स्वास्थ्य संस्थाहरूको मर्मत, घेराबारका लागि बजेट विनियोजन भई सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको।
- राष्ट्रिय दादुरा रुबेला खोप अभियान २०८०/०८१ मा ९ महिना देखि ५ वर्ष सम्मका जम्मा २,५२९ बालबालिकालाई खोप लगाइएको।
- ४ वटा स्वास्थ्य संस्थाहरूलाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त वडा घोषण गरिएको र रोल्पा जिल्लाकै पहिलो पूर्ण संस्थागत प्रसूति सेवायुक्त स्थानीय तह घोषणा गर्ने कार्यमा अग्रसर रहेको।
- सबै वडा तथा पालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न गरिएको।
- पाङ, हार्जङ र गुम्चाल स्वास्थ्य चौकीलाई किशोर किशोरी मैत्री सेवा संचालनका लागि प्रमाणीकरण गरिएको।
- पालिकाकै गौरवको आयोजना अन्तर्गत रहेको १५ शैयाको आधारभूत अस्पतालको भवन निर्माणको लागि वडा नं. ५ स्थित किलाचौरका जग्गादाताहरुसँग जग्गा प्राप्तिको प्रक्रिया क्रियाशिल रहेको ।
- सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्रमा त्रिगाउँपालिका स्तरीय स्वास्थ्य संस्था फार्मेसी सञ्चालनका लागि रु. ५ लाख कोषमा स्थानान्तरण गरिएको ।

## ६. कृषि विकास शाखा

*कृषि मुलश्चः जीवनम्*

- ७५% अनुदानमा गहुँको बीउ वितरण गरिएको जसबाट ९६ जना कृषक लाभान्वित भएको।
- ७५% अनुदानमा प्लास्टिक टनेल वितरण जसमा ३० जना कृषक लाभान्वित भएको।
- रैथाने बाली संरक्षण सम्बन्धी १ दिने घुम्ती तालिम सम्पन्न भएको जसबाट ५ वटा कृषक समूहका ११५ जना कृषकहरू सहभागी भएका।
- जैविक विषादी निर्माण सम्बन्धी तालिम सम्पन्न भएको जसबाट ५ वटा कृषक समूहका १६० जना कृषक लाभान्वित भएका।

- अति आवश्यक अवस्थामा विषादी वितरण गरिएको जसबाट ३६२ जना कृषकहरूले उक्त सेवा लिएका र बाँकी शाखाबाट आवश्यकता अनुसार वितरण भइरहेको।
- सुन्तला बगैंचा व्यवस्थापन कार्यक्रम अन्तर्गत आरी, सिकेचर, नीलोतुथो र चुना ३२ जना कृषक, ५ वटा व्यक्ति दर्ता फर्म र ३ वटा कृषक समूह गरी जम्मा ४० जनालाई उपलब्ध गराइयो।
- ७५% अनुदानमा मकैको बीउ वितरण गरिएको जसबाट ११३ जना कृषक १० वटा कृषक समूह र २ वटा व्यक्तिगत दर्ता फर्म जम्मा १२५ जना लाभान्वित भएको।
- आ.व. २०७९/८० मा स्थापना भएका तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रमको सम्झौता भई सम्पन्न भएको र किसान सूचीकरण कार्यक्रम जम्मा १,५०० घरधुरी अनलाइन मार्फत सूचीकृत भएको।
- माथि उल्लेखित कार्यक्रम बाहेक २१९ जना कृषकहरूलाई माग गरे बमोजिम प्राविधिक सेवा उपलब्ध गराइएको र ५ वटा नयाँ कृषक समूह दर्ता गरिएका
- बहुक्षेत्रीय पोषण योजना अन्तर्गत लुङ्ग्री-६ गुम्चालमा सुनौला हजार दिनका आमाहरूलाई मेवा र च्याउ खेती सम्बन्धी १ दिने तालिम संचालन गरिएको साथै २० जना सुनौला हजार दिनका आमाहरूलाई च्याउको बीउ र मेवाको बिरुवा वितरण गरिएको
- यस गाउँपालिकामा हेफर प्रोजेक्ट नेपालसँगको साझेदारी कार्यक्रममा तरकारी, टिमुर, सुन्तला खेती सम्बन्धी विभिन्न वडामा २/२ दिने तालिम संचालन गरिएको
- गाउँपालिकाबाट एक घर एक करेसाबारी अन्तर्गत १२०० तरकारी मिनीकिट वडा कार्यालय मार्फत १२०० घर परिवारलाई मिनीकिट वितरण गरिएको ।

## ७. पशुपन्छी विकास शाखा

- नियमित सेवा प्रवाह ५,२९४ घरधुरी कृषकहरूले पालेका ४०,२७८ पशु पन्छीको उपचार तथा परामर्श सेवा प्रदान र माघ महिनाबाट असार सम्म दर्ता शुल्कबाट २६,२६० रुपैयाँ राजस्व संकलन गरिएको।
- डिस्पेन्सरी संचालनका लागि ७ लाखको औषधि खरिद गरिएको।
- लुङ्ग्री गाउँपालिका वडा नं. २, ४, ५ र ६ मा निःशुल्क रेबिज खोप शिविर संचालन र वडाहरूमा रहेका १६० कुकुर तथा बिरालोहरूलाई रेबिज विरुद्धको खोप लगाएको।
- आ.व ७९/८० को बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरता।
- ८० वटा बाख्रा बोकाहरुमा बीमा गरिएको।
- भ्याक्सिन व्यवस्थापनको लागी पशुपन्छी विकास शाखा र वडा नं. ६ को पशु शाखामा २ वटा फ्रिज र ३ वटा कुल बक्स खरिद गरिएको।
- २८ वटा गाई भैंसीमा कृत्रिम गर्भाधान गरिएको।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पाबाट खोरेंतको भ्याक्सिन ४,५०० डोज, १,८०० डोज लम्पी स्किन भ्याक्सिन र १२,००० डोज पि.पि.आर. भ्याक्सिन १, २, ३, ४, ५, ६ र ७ वडाहरूमा लगाएको।
- ब्रोइलर कुखुराका ७५० चल्लाहरुमा रानीखेत विरुद्ध खोप लगाइएको।

- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पाको आर्थिक सहयोगमा २०८० फाल्गुन १७ गते लुङ्ग्री गाउँपालिका, वडा नं. १, ऐपेमा निःशुल्क १ दिने पशु स्वास्थ्य शिविर संचालन गरिएको।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत लुङ्ग्री गाउँपालिकाको वडा नं. ५ र ७ मा लक्षित समुदाय बोटे, माझीहरूलाई विषेश आय आर्जन कार्यक्रममा १३ घरधुरी बराबर १,३०० कुखुरा चल्ताहरू वितरण गरिएको ।

## ८. प्रशासन शाखा र जिन्सी शाखा

### जिन्सी शाखा

- लुङ्ग्री गाउँपालिकाको सरकारी सम्पत्तिको लगत खडा गर्न जिन्सी निरीक्षणको कार्य प्रारम्भ गरेको।
- गाउँपालिकाको सम्पूर्ण खर्च भएर जाने र खर्च भएर नजाने सम्पत्ति/मालसामान खरिद गर्दा सार्वजनिक खरिद व्यवस्थापन प्रणाली (PAMS) बाट गर्ने गरेको।

### प्रशासन शाखा

- लुङ्ग्री गाउँपालिकामा स्वीकृत स्थायी तथा करार कर्मचारीहरूको विवरण देहाय बमोजिम रहेको छ।
  संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको कूल दरबन्दी = ६९ जना स्थायी (कार्यालय सहयोगी बाहेक)
  लुङ्ग्री गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० बमोजिम
  स्थायी कर्मचारीको कूल दरबन्दी = १०५ (कार्यालय सहयोगी सहित)
  करार कर्मचारीको कूल दरबन्दी = २३ जना (कार्यालय सहयोगी सहित)
  स्थायी र करार गरी कूल कर्मचारी =१२८ जना (कार्यालय सहयोगी सहित)
  गाउँपालिकामा हाल कार्यरत स्थायी कर्मचारीहरूको कूल संख्या = ३६ जना
  करारमा कार्यरत कूल कर्मचारी = ८४ (कार्यालय सहयोगी सहित)
  हाल लुङ्ग्री गाउँपालिकामा कार्यरत स्थायी र करार गरी जम्मा = १२० जना
  विभिन्न तहका अप्राविधिक तथा प्राविधिक तर्फका ४६ जना स्थायी कर्मचारीहरू प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशमा माग गरिएको ।
- नयाँ दर्ता भएका व्यवसायहरू २८ वटा र नविकरण भएका व्यवसायहरू जम्मा= २८ वटा
- लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालयबाट चलानी भएका चिठीपत्रहरू संख्या १,४९४ र दर्ता संख्या ५,६४३
- गाउँपालिका मातहतका सम्पूर्ण शाखा र वडा कार्यालयसँग समन्वयको भूमिका निर्वाह गरेको।
- गाउँपालिकामा स्तनपान कक्ष, सोधपुछ कक्ष, लै.स.सा.स कक्षको स्थापना गरिएको
- गाउँपालिकाको मूल गेटमा उजुरी/गुनासो पेटिकाको व्यवस्था गरिएको,

- ऐन- ५ वटा, कार्यविधि -१६ वटा, नमुना विधान - १ वटा, आचारसंहिता - २ वटा जम्मा कानून २४ वटा तर्जुमा गरिएको
- वडा कार्यालय - ७ वटा, विषयगत शाखा - १२ वटा
- कार्यपालिका बैठक - २३ पटक र गाउँ सभा - ४ पटक बसेको
- द्विपक्षीय आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको आदानप्रदानका लागि दक्षिण कोरियाको शहरसँग गाउँपालिकाको भँगिनी सम्बन्धका लागि पहल गरिएको ।

## ९. न्यायिक समिति

- उजुरी दर्ता तथा फछ्यौंट विवरणः
  दर्ता भएका उजुरी संख्या-१२ वटा
  फछ्यौंट भएका उजुरी संख्या-९ वटा
  चालू उजुरी संख्या-३ वटा
- लुङ्ग्री गाउँपालिकाको मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०८० जारी गरिएको
- ५ नं. वडा कार्यालयमा मेलमिलाप केन्द्रको स्थापना गरिएको ।

## १०. रोजगार सेवा केन्द्र

- नेपाल सरकारबाट रु. ३४,००,००० र विश्व बैङ्कबाट रु. ४३,६४,००० र पालिकाबाट रु. ४,००,००० गरी रोजगार सेवा केन्द्रको कुल बजेट रु. ८१,६४,००० मा ९५.७% खर्च भएको ।
- बेरोजगार व्यक्तिको सूचीकरण अन्तर्गत पुरुष संख्या २८३ र महिला संख्या ९७३ गरी जम्मा १,२५६ जना मध्ये १८ देखि ३९ वर्ष उमेरका ५९% र ४० देखि ५९ वर्ष उमेरका ४१% रहेको
- महिला ५७ जना र पुरुष २२ गरी जम्मा ७९ जना व्यक्तिहरूलाई औसतमा ९९.६ दिन प्रति व्यक्तिका दरले रोजगारीका लागि छनौट गरी ज्याला रु. ५२,७३,३२६।०० भुक्तानी भएको ।

लुङ्ग्री गाउँपालिकाद्वारा आ.व. २०८०/०८१का लागि वडागत रूपमा छनौट भएका श्रमिक र आयोजनाको विवरण

| वडा नं | श्रमिकको संख्या (जना) | रोजगार योजनाको संख्या (वटा) | कैफियत |
|---|---|---|---|
| १ | ९ | २ | |
| २ | १२ | १ | |
| ३ | ७ | १ | |
| ४ | ७ | १ | |
| ५ | २५ | ३ | |
| ६ | ९ | २ | |

| | | | |
|---|---|---|---|
| ७ | १० | २ | |
| जम्मा | ७९ | १२ | |

१. अन्य सम्पादित कामः

| क्र.सं. | विवरण | सम्पादन | कै. |
|---|---|---|---|
| १ | पुनः श्रम स्वीकृतीमा सहजिकरण | १०० भन्दा बढी | |
| २ | विदेशमा मृत्यु भएकाको शव झिकाउन सहजिकरण | २ जना | |
| ३ | वैदेशिक छात्रवृत्ति कार्यक्रम | ११ जनाको प्रविष्ट | |
| ४ | लुङ्ग्री गाउँपालिकाको युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यक्रम कार्यविधि, २०८० | कार्यपालिकाबाट पारित | |
| ५ | आगामी आ.व. २०८१/०८२ को लागि बेरोजगार सूचीकृत संख्या | पुरुषः १२६ (२३%)<br>महिलाः ४३१ (७७%)<br>जम्माः ५५७ | |

## ११. सूचना प्रविधि शाखा

- सबै वडामा अनुगमन गरी राजस्व व्यवस्थापन प्रणाली SUTRA सम्बन्धी अभिमुखीकरण गरी कार्यान्वयन गराएको,
- कर्मचारीको अनलाइन हाजिरी, बिदा, काज जनाउने गरी गाउँपालिका कार्यालय र वडा कार्यालयहरूमा सूचना प्रविधि विभागको ई-हाजिरी प्रणाली संचालनमा ल्याएको
- LISA/FRA सम्बन्धी कार्यशाला गोष्ठी संचालन गरिएको साथै सो सम्बन्धी कागजात अपलोड गर्ने सम्पूर्ण कार्य सम्पन्न गरिएको र अघिल्लो वर्षको तुलनामा राम्रो नतिजा ल्याउन सफल भएको।
- Website, Page मा सूचना, जानकारी, निर्णय तथा सम्पूर्ण विवरणहरू समयमै अद्यावधिक गर्ने गरिएको।
- सार्वजनिक सरोकारको सूचना नियमानुसार माग गरेमा समयमै उपलब्ध गराउने गरेको।
- कार्यालयको काम कारबाहीसँग सम्बन्धित इन्टरनेट, सफ्टवेयर र सूचना प्रविधि सम्बन्धी उपकरणहरूको मर्मत सम्भार तथा देखिएका समस्याहरूलाई समयमै समाधान गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाइएको।
- सेवा प्रवाहमा प्रविधिको उच्चतम प्रयोग गरी प्रविधि मैत्री बनाइएको।
- स्थानीय तहको प्रगतिको मूल्यांकनका ४ वटा विविध मापदण्ड मध्ये

    लिसा-७४.२५

    फ्रा- ७६

लैससास परीक्षण - ६२.५

कार्यसम्पादन मूल्यांकन - ६६.८५ (जिल्लामा प्रथम स्थानमा परेको)

## १२. महिला बालबालिका शाखा

- कार्यालयबाट क वर्गको २ जनालाई र ख वर्गको ८ जनालाई गरी जम्मा १० जनालाई अपाङ्गता परिचय पत्र वितरण साथै अपाङ्गता परिचयपत्र वितरण तथा पुनरावलोकन शिविर संचालन गरी क वर्गको ५ जनालाई, ख वर्गको २२ जनालाई, ग वर्गको १४ र घ वर्गको ७ जनालाई गरी ४८ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको र हालसम्म जम्मा अपाङ्गता परिचय पत्र पाउनेको संख्या ३६८ पुगेको।
- ९ जना ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरी ज्येष्ठ नागरिक परिचय पत्र पाउनेको संख्या १,६५५ पुगेको।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परीक्षण कार्य सम्पन्न।
- अन्तरराष्ट्रिय महिला दिवसको अवसरमा ७ वटै वडाहरूमा महिला वक्तृत्व कला प्रतियोगिता, हाजिरी जबाफ प्रतियोगिता, जनचेतनामुलक लोक गीत प्रतियोगिता, अन्तरक्रिया, जनचेतनामुलक र्याली र विविध मनोरञ्जनात्मक कार्यक्रम संचालन।
- लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था।
- सात वटै वडाका मा. वि. विद्यालयहरूमा बाल विवाह एवम् सामाजिक कुरीति कुप्रथा विरुद्ध सचेतनामुलक भिडियो डकुमेन्ट्री प्रदर्शन।
- बालविवाह न्युनीकरणको लागि रणनीति निर्माण गर्न प्रारम्भिक गोष्ठी संचालन गरी मस्यौदाको तयारी।
- लैङ्गिक समानता एवम् सामाजिक समावेशी सम्बन्धी राष्ट्रिय अन्तरराष्ट्रिय नीति कानुन र प्रतिबद्धता सम्बन्धी जनप्रतिनिधि एवम् कर्मचारीहरूलाई अभिमुखीकरण कार्यक्रम संचालन
- ४३ जना महिलाहरूको लागि महिला अधिकार सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन।
- ४८ जना आ.वि. र मा.वि. का बालबालिकाहरूको लागि बाल अधिकार सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन।

## १३. पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा

**सामाजिक सुरक्षा तर्फः**

- VERSP-MIS प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा रहेको,
- सामाजिक सुरक्षा भत्ता समयमै निकासा हुने गरेको,
- समयमै दर्ता, लगत कट्टा र लगत हस्तान्तरण हुने गरेको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण शुद्धीकरण गरेको,
- आ.व. ०८०/८१ देखि विद्युतीय माध्यम (Electronic Fund Transfer-EFT) मार्फत भत्ता जम्मा गरी वितरण गरेको।
- सम्पूर्ण त्रैमासिकको सामाजिक सुरक्षा भत्ता रकम EFT मार्फत लाभग्राहीको खातामा जम्मा गरी तेस्रो त्रैमासिक सम्मको रकम वितरण समेत गरिसकेको।

- चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता रकम २०८१ साल भदौ महिना देखि वितरण गर्ने गरी नेपाल बैंक लिमिटेड लुङ्ग्री शाखा सँग समन्वय गरेको।
- आ.व. ०८१/८२ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण तथा नयाँ दर्ता गर्दा राष्ट्रिय परिचय नम्बर सहितको बायोमेट्रिक भेरिफिकेशन अनिवार्य गरिएको हुँदा, वडा कार्यालयबाट अभियान मार्फत राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गरेका तर राष्ट्रिय परिचय नम्बर (NIN) प्राप्त नगरेका व्यक्तिहरूको आवेदन नम्बर सहितको विवरण सम्पूर्ण वडाहरूमा माग गरेको।
- सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम ९ को उपनियम १ बमोजिम भाद्र मसान्त भित्रमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न वडाहरूलाई पत्राचार गरेको।
- हाल सम्ममा सामाजिक सुरक्षा भत्तामा आबद्ध भएका लाभग्राहीहरुको संख्याः

| लक्षित समूह | संख्या |
|---|---|
| अन्य ज्येष्ठ नागरिक | १७४४ |
| ज्येष्ठ नागरिक भत्ताँ दलित | १९५ |
| ज्येष्ठ नागरिक एकल महिला | १६५ |
| विधवा महिला | ३५७ |
| पुर्ण अपाङ्गता | २९ |
| अति अशक्त अपाङ्गता | १३१ |
| क्षेत्र तोकिएका बालबालिका | २७७२ |
| दलित बालबालिका | ५२५ |
| जम्मा | ५,९१८ |

**पञ्जीकरण (व्यक्तिगत घटना दर्ता) तर्फ**

- जन्म मृत्यु तथा अन्य घटना (दर्ता ऐन,२०३३ लागू हुनु पूर्व घटेका व्यक्तिगत घटनाहरू वडा अध्यक्षबाट प्रमाणीकरण भइरहेको सन्दर्भमा जन्मको एकरूपता कायम गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम २८ को खण्ड (ग) बमोजिमको जन्म प्रमाणीकरणको फारामको ढाँचा बमोजिमको जन्म प्रमाणीकरण सम्पूर्ण वडाहरूमा रहेको।

| क्र.सं. | व्यक्तिगत घटना | | दर्ता संख्या |
|---|---|---|---|
| १ | जन्म दर्ता (पुरुष- ७३७ र महिला-७०३) | | १,४४० |
| २ | मृत्यु दर्ता (पुरुष-१३९ र महिला-९३) | | २३२ |
| ३ | विवाह दर्ता | | ३६७ |
| ४ | सम्बन्ध विच्छेद दर्ता | | १३ |
| ५ | बसाईसराई दर्ता | आउने | १ |
| | | जाने | ४० |
| जम्मा | | | २,०९३ |

## १४. बहुक्षेत्रीय पोषण योजना

आ.व. २०८०/०८१ मा बहुक्षेत्रीय पोषण अन्तर्गत सञ्चालन भएका क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगति विवरण

- ६ नं. वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको।
- सुनौला हजार दिनका २० जना आमाहरूलाई मेवा र च्याउ खेती सम्बन्धी एक दिने तालिम सम्पन्न गरी मेवा तथा च्याउको बीउ वितरण गरेको।
- सुनौला हजार दिनका २० जना आमाहरूलाई न्यूहेम्पसायर जातका ८ हप्ते कुखुरा वितरण (प्रति घरधुरी १०वटा) साथै कुखुराका लागि दाना, भाडा तथा औषधी वितरण गरेको।
- गुम्चाल स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइ केन्द्र बेरीमा पोषण कर्नर स्थापन गरेको।
- ६ नं. वडा सम्पूर्ण विद्यालयमा फोहोरमैला व्यवस्थापन गर्न १५ वटा डस्टबिन खरिद तथा वितरण कार्यक्रम गरेको।

## १५. लघु उद्यम विकास कार्यक्रम (मेड्पा)

- वडा नं ७ छहरेखुडमा २९ जना उद्यमी सिर्जना गर्नका लागि सामाजिक परिचालन कार्यक्रम संचालन गरिएको।
- सामाजिक परिचालन पश्चात् २९ जना सम्भावित उद्यमीको २ समूहमा समूह गठन गरिएको।
- २९ जनालाई उद्यमशिलता विकास तालिम प्रदान गरिएको।
- स्थानीय स्रोत, साधन र आवश्यकताको सदुपयोगको आधारमा १९ जना महिला सहभागीलाई हातेहोजियारि सीप विकास तालिम संचालन गरिएको।
- स्थानीयस्तरको आवश्यकताको आधारमा १० जना को समूहमा आरन सम्बन्धी सीप विकास तालिम संचालन गरिएको।
- हातेहोजियारि तालिम पश्चात् १९ जनाको समूहलाई प्रविधि हस्तान्तरण गरिएको।
- आरन तालिम लिएका १० जनाको समूहमा प्रविधि हस्तान्तरण गरिएको।
- स्तरोन्नती तर्फ वडा नं ७ हार्जङ मा १५ जना समूहलाई सिलाई कटाई तालिम संचालन गरिएको।
- तालिम पश्चात् १५ जना को समूहमा हस्तान्तरण गरिएको।
- स्तरोन्नती तर्फ वडा नं २ सिर्पमा १५ जना महिला लघु उद्यमी समूहलाई ५ थान सिलाई कटाई मेसिन हस्तान्तरण गरिएको।

## १६. १ नं. वडा कार्यालय

- जन्मदर्ता — ६६ वटा, बसाइसराई दर्ता - ०, सम्बन्ध विच्छेद दर्ता - १, मृत्यु दर्ता - १३ वटा र विवाह दर्ता - २६ गरी जम्मा व्यक्तिगत घटना दर्ता — १०६ वटा भएको।
- १० वटा योजना सम्पन्न भएको र सो मध्ये ८ वटा योजनाको भुक्तानी भएको र २ वटा योजनाको भुक्तानी हुन बाँकी रहेको
- यस वडामा रु. ६,७६,१००।- (अक्षरेपि छ लाख छयहत्तर हजार एक सय) राजस्व संकलन गरिएको

- २२३ जनालाई नागरिकता सिफारिस एवम् प्रतिलिपि सिफारिस र अन्य विविध सिफारिस ९९७ गरी जम्मा १२२० सिफारिस गरिएको
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १२९३ जना लाभग्राहीहरुको नविकरण गरिएको
- १२९३ जना सामाजिक सुरक्षा भत्ता गर्ने नयाँ लाभग्राहीहरुको दर्ता गरिएको
- आ.व.२०८१/८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुनका लागि १५५ जना बेरोजगार व्यक्तिहरूको निवेदन संकलन।
- अपाङ्ग लक्षित कार्यक्रमबाट ३६ जना अपाङ्गहरूलाई झोला वितरण तथा सम्मान कार्यक्रम सम्पन्न गरिएको
- १७ वटा स्वास्थ्य आमा समूहका अध्यक्ष र ९ वटा स्वास्थ्य स्वयंसेविकालाई क्षमता विकासको तालिम प्रदान गरी झोला वितरण गरिएको
- कक्षा ५ को वडास्तरीय परीक्षा संचालन गरिएको
- बिरामीहरूलाई सुविधा प्रदान गर्न स्वास्थ्य संस्थाहरूमा जम्मा ११ वटा स्ट्रेचर खरिद गरी दुर्गम टोल तथा बस्तीहरूमा वितरण गरिएको ।

## १७. २ नं. वडा कार्यालय

- २४१ जन्म दर्ता, ७५ जोडीको विवाह दर्ता, ४८ जनाको मृत्यु दर्ता, ६ जना परिवारको बसाइ सराई दर्ता र १ जोडीको सम्बन्ध विच्छेद दर्ता गरी जम्मा ३७१ व्यक्तिगत घटना दर्ता गरिएको
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ८१३ जना लाभग्राहीहरुको नविकरण गरिएको
- १९७ जना सामाजिक सुरक्षा भत्ता गर्ने नयाँ लाभग्राहीहरुको दर्ता गरिएको
- २५५ जनालाई नागरिकता सिफारिस एवम् प्रतिलिपि सिफारिस र अन्य प्रकृतिका सिफारिस ९८६ गरी जम्मा १२४१ सिफारिस गरिएको
- पूँजीगत तर्फ ८ वटा योजना सम्पन्न भई भुक्तानी भइसकेको।
- १८५० वटा पशुलाई भेटेरिनरी सेवा प्रदान गरिएको
- यस वडामा रु ७,०३,५१०।- (अक्षरेपि सात लाख तीन हजार पाँच सय दश) राजस्व संकलन गरिएको

## १८. ३ नं. वडा कार्यालय

- ३०० जन्म दर्ता, ६४ जोडीको विवाह दर्ता, २६ जनाको मृत्यु दर्ता, ४ जना परिवारको बसाइ सराई दर्ता र ३ जोडीको सम्बन्ध विच्छेद दर्ता गरी जम्मा ३९७ व्यक्तिगत घटना दर्ता गरिएको
- विभिन्न प्रकृतिका गरी ६७० सिफारिस गरिएको
- पूँजीगत तर्फ १० वटा योजना सम्पन्न भई भुक्तानी भइसकेको।
- कक्षा ५ को वडा स्तरीय परीक्षा संचालन तथा उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम गरेको।
- रुडास नेपालद्वारा सुरक्षित मातृत्व सम्बन्धी स्वास्थ्य कार्यक्रम संचालन भइरहेको।
- सामुदायिक स्वास्थ्य इकाई केन्द्र सिम्लेनी भवन निर्माण कार्य सम्पन्न भई नयाँ भवनबाट सेवा सुचारु भएको।

## १९. ४ नं. वडा कार्यालय

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ७७५ जना लाभग्राहीहरुको नविकरण
- २६८ जना सामाजिक सुरक्षा भत्ता गर्ने नयाँ लाभग्राहीहरुको दर्ता
- ३१४ जन्म दर्ता, ३ जना परिवारको बसाइ सराई दर्ता, १ जोडीको सम्बन्ध विच्छेद दर्ता, २१ जनाको मृत्यु दर्ता र ४८ जोडीको विवाह दर्ता गरी जम्मा ३८७ व्यक्तिगत घटना दर्ता
- २०० जनालाई नागरिकता सिफारिस एवम् प्रतिलिपि सिफारिस र अन्य विविध सिफारिस ९८२ गरी जम्मा ११८२ सिफारिस गरिएको
- पूँजीगत तर्फ ८ वटा योजना सम्पन्न भई भुक्तानी भइसकेको।
- यस वडामा रु ८,१६,७९१।- (अक्षरेपि आठ लाख सोह्र हजार सात सय एकानब्बे) राजस्व संकलन गरिएको

## २०. ५ नं. वडा कार्यालय

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ६८१ जना लाभग्राहीहरुको नविकरण
- ११९ जना सामाजिक सुरक्षा भत्ता गर्ने नयाँ लाभग्राहीहरुको दर्ता
- ११३ जन्म दर्ता, ५ जना परिवार को २३ जना सदस्यहरूको बसाइ सराई दर्ता, २ जोडीको सम्बन्ध विच्छेद दर्ता, २६ जनाको मृत्यु दर्ता र ३१ जोडीको विवाह दर्ता गरी जम्मा १७७ व्यक्तिगत घटना दर्ता
- १८७ जनालाई नागरिकता सिफारिस एवम् प्रतिलिपि सिफारिस र अन्य विविध सिफारिस ७६१ गरी जम्मा ९४८ सिफारिस गरिएको
- रु ६९३५१४/-(अक्षरेपि छ लाख त्रियानब्बे हजार पाँच सय चौध) राजस्व संकलन गरिएको
- आ.व.२०८१/८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुनका लागि १३३ जना बेरोजगार व्यक्तिहरूको निवेदन संकलन।
- शहीद, घाइते अपाङ्ग व्यक्तिहरूलाई सम्मान कार्यक्रम अन्तर्गत ६ जना शहिद परिवार लाई ब्लाङ्केट वितरण र ४३ जना घाइते अपाङ्ग र द्वन्द्व प्रभावित व्यक्ति एवम् निजका परिवारलाई दोसल्ला ओढाइ सम्मान।
- महिला बालबालिका र अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत ५ जना अपाङ्गता भएका बालबालिकाहरूलाई झोला र स्टेशनरी सामाग्री वितरण र २१ जना महिलाहरूलाई महिला अधिकार सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन।
- पूँजीगत अन्तर्गत तपसिल बमोजिमका योजनाहरू संचालन गरी सम्पन्न गरिएको।
    - बडाचौर महिला बहुउद्देश्यीय सहकारी संस्थाको शौचालय निर्माण
    - गोठेखर्क सामुदायिक स्वास्थ्य इकाई भवन मर्मत
    - सकर्ना सामुदायिक भवन मर्मत
    - बुढाटोल पहिरो नियन्त्रण
    - गोठीवाङ सालघारी चोवाङ खानेपानी निर्माण
    - सेरा खानेपानी निर्माण

- ❖ बालविकास केन्द्र सेवार भवन निर्माण
- ❖ ५ नं. वडा कार्यालयको नयाँ भवनमा मेसिनरी वाल घेराबार तथा ग्राउण्ड निर्माण
- ❖ ज्योति आ.वि. सेवारको भवनको झ्यालमा ग्रिल निर्माण
- ❖ छट्केल्नी, गर्मिखोला जनता प्रा.वि., सानोखोला लाखुधारा खानेपानी मर्मत र अमिलेखर्क खा.पा.आर.भि.टी निर्माण
- ❖ बागखोर मोटरबाटो ग्रेड सुधार

➢ EMIS प्रणाली मार्फत प्राथमिकीकरणमा परेका २५ श्रमिकहरूलाई १०० दिनको रोजगारीमा खटाउन सिफारिस गरी निजहरू मार्फत तपसिलमा उल्लेखित योजना सम्पन्न।

- ❖ अचल देखि घोलाङ घोरेटो बाटो निर्माण
- ❖ खारखोला देखि गाजाबाङ एयरपोर्ट गोरेटो बाटो निर्माण
- ❖ गा.पा देखि सिलथापे बुजिङ गाउँ घोरेटो बाटो निर्माण

## २१. ६ नं. वडा कार्यालय

➢ २०५ जन्म दर्ता, ५ जना परिवारको बसाइ सराई दर्ता, ३ जोडीको सम्बन्ध विच्छेद दर्ता, २१ जनाको मृत्यु दर्ता र ६४ जोडीको विवाह दर्ता गरी जम्मा २९८ व्यक्तिगत घटना दर्ता भएको

➢ ज्येष्ठ नागरिक – २९१, दलित ज्येष्ठ नागरिक -१७, ज्येष्ठ नागरिक एकल महिला -२८, बिधुवा महिला -५५ पूर्ण अपाङ्ग-३, आंशिक अपाङ्ग -२१, क्षेत्र तोकिएको बालबालिका -५२२, दलित बालबालिका -४९ गरी सामाजिक सुरक्षा भत्ता तथा बाल पोषण भत्ता प्राप्त गर्ने कुल लाभग्राहीको संख्या ९८६ जना रहेको

➢ आ.व. २०८०/८१ मा ६५७ पत्र चलानी भएको

➢ वडाबाट ७ वटा योजनाहरू सम्पन्न भएको

➢ सम्पूर्ण योजना सम्पन्न भएका रकम नपुगेका कारण भुक्तानी हुन बाँकी दुई वटा योजनाहरू

- ❖ स्वास्थ्य चौकी घेराबार
- ❖ निम्ते डाँडा बा.वि.के. भवन निर्माण

➢ आ.व. २०८०/८१ मा रु. ६,९५,०३७ ( अक्षेरेपि छ लाख पंचानब्बे हजार सर्तिस रुपैया मात्र) राजस्व संकलन गरिएको

## २२. ७ नं. वडा कार्यालय

➢ ३६४ जन्म दर्ता, ४३ जोडीको विवाह दर्ता, ६५ जनाको मृत्यु दर्ता, ७ जना परिवारको बसाइ सराई दर्ता र ३ जोडीको सम्बन्ध विच्छेद दर्ता गरी जम्मा ४८२ व्यक्तिगत घटना दर्ता गरिएको

➢ १०० जनालाई नागरिकता सिफारिस एवम् प्रतिलिपि सिफारिस र अन्य प्रकृतिका सिफारिस ३९७ गरी जम्मा ४९७ सिफारिस गरिएको

➢ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ४७३ जना लाभग्राहीहरुको नविकरण गरिएको

➢ पूँजीगत तर्फ १२ वटा योजना सम्पन्न भई भुक्तानी भइसकेको।

➢ यस वडामा रु ३,३५,०७५।-(अक्षेरेपि तीन लाख पैंतीस हजार पचहत्तर) राजस्व संकलन गरिएको

- २४२ वटा राष्ट्रिय परिचयपत्र संकलन गरिएको

नेपालको संविधान बमोजिम गठित संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार, जन अपेक्षाको प्राप्तीको लागी समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त अनुरूप क्रियाशिल रहेका छन् । लुङ्ग्री गाउँपालिकाले पनि उपलब्ध भएका सीमित श्रोत र साधन, सीमित जनशक्तिको बावजुद लुङ्ग्री वासीको अधिकतम हितका लागि सदैव क्रियाशिल रहेको यहाँहरु सम्पूर्णमा अवगत गराउँछु । नेपाल सरकारले परिकल्पना गरेको समृद्ध नेपाल सुखी नेपालीको मूल मर्म र यस लुङ्ग्री गाउँपालिकाले अवलम्बन गरेको “पूर्वाधार, कृषि र पर्यटनः समृद्ध लुङ्ग्रीको मुख्य साधन” को सोच, लक्ष्य र उद्देश्य पुरा गर्ने तर्फ हामी सबैको पाइला अघि बढ्नु पर्दछ, हातेमालो हुनु पर्दछ भन्दै गाउँपालिकाले गत आ.व. २०८०।०८१ मा पालिकास्तर वा वडास्तरमा समेत गरेका काम कारबाहीका सम्बन्धमा उठेका प्रश्न वा लागेका जिज्ञासा र गुनासो एवं सुझावहरूलाई प्रष्टरुपमा राखिँदिन हुन पनि म विनम्र अनुरोध गर्दछु । तपाईको प्रश्नले हाम्रो पालिकाको कार्यसम्पादनमा सुधार गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन थप मद्दत हुने पनि विश्वास लिएको छु । यतिन्जेल धैर्य धारण गरी वार्षिक प्रगति विवरण सुनिदिनु भएकोमा धेरै धन्यवाद ।